# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ चावि.नपा असार ३२ गते २०७५ साल (संख्या ३२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर सभाले मिति २०७४ चैत्र ३० गते बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्स संचालन कार्यविधि २०७५

**प्रस्तावना :**

**चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा साचालिल एम्बुलेन्स सेवालाई सरल भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा विरामीहरुको पहाच बढाई सेवाको गुणस्तर वृद्धि गर्न बान्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोगगरी चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाले यो "चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्स साचालन कार्यविधि २०७५" जारी गरेकोछ ।**

**१) साछिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्स साचालन कार्यविधि २०७५" रहेको छ ।**

**(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।**

**२) परिभाष : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,**

**क)"नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका सम्झनु पर्छ ।**

**ख)"नगर प्रमुख "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।**

**ग)"नगर उप प्रमुख "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।**

**घ) सदस्य भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पछ ।**

**ङ) " अध्यक्ष "भन्नले वडाको अध्यक्ष सम्झनु पर्छ ।**

**च)" वडा सदस्य "भन्नाले नगरपालिकाको वडा सदस्य सम्झनु पर्छ ।**

**छ)" प्रमुख प्रशासकीय अधिकृत "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।**

**ज) "एम्बुलेन्स " भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा साचालित विरामी ओसार्ने स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण ,चालक र परिचालक समेतलाई जनाउदछ ।**

**झ) " एम्बुलेन्स जनशक्ति " भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्समा उपस्थित**





**रहने स्वास्थ्यकर्मी , चालक र परिचालक सम्झनु पर्छ ।**

**ञ)"चालक " भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्स चलाउन नियुक्त चालक सम्झनु पर्छ ।**

**ट)"स्वास्थ्यकर्मी भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्समा नियुक्त अ.हे.व.। अ.न.मी सम्झनु पर्छ ।**

**ठ) "परिचालक "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको एम्बुलेन्समा चालक तथा विरामीका सहयोगकोलागि नियुक्त एम्बुलेन्स सहयोगी सम्झनु पर्छ ।**

**ड) "जिल्ला प्रशासन कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय दैलेख सम्झनु पर्छ ।**

**ढ) " जिल्ला स्वास्थ्य कार्यालय "भन्नाले जिल्ला स्वास्थ्य कार्यालय दैलेख सम्झनु पर्छ ।**

**ण) "एम्बुलेन्स सेवा साचालन निर्देशिका" भन्नाले एम्बुलेन्स सेवा साचालन निर्देशिका २०७३ सम्झनु पर्छ ।**

**त) "नगर एम्बुलेन्स सेवा साचालक समिति" भन्नाले दफा ३ मा गठन भएको नगर एम्बुलेन्स सेवा साचालक समिति सम्झनु पर्छ ।**

**थ)"भाडा दर" भन्नाले नगर सभाद्वारा स्वीकृत एम्बुलेन्स भाडा दर सम्झनु पर्छ ।**

**द)"वडा " भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाका वडाहरु सम्झनु पर्छ ।**

**ध)गरिव, असाहाय, अशक्त, अपाङ्ग भन्नाले गरिव, असाहाय, अशक्त, अपाङ्ग भएको परिचयपत्र व्यक्ति सम्झनु पर्छ ।**

**३) नगर एम्बुलेन्स साचालक समिति : (१) एम्बुलेन्स सम्बन्धि नीतिगत व्यवस्था गर्नकालागि चामुण्डाविन्द्रासैनी नगरपालिकाको देहायका सायोजक र सदस्य रहेको नगर एम्बुलेन्स साचालक समिति रहने छ ।**

| | |
|---|---|
| **क) प्रमुख प्रशासकीय अधिकृत** | **संयोजक ।** |
| **ख) इलाका प्रशासन कार्यालयका प्रतिनिधि** | **सदस्य ।** |
| **ग) नगर प्रहरी चौकी प्रमुख** | **सदस्य ।** |
| **घ) नगर रेडक्रस सोसाईटी प्रतिनिधि** | **सदस्य ।** |
| **ङ) उधोग वाणिज्य साध प्रतिनिधि** | **सदस्य ।** |
| **च)नगर स्वास्थ्य चौकी प्रमुख सबै** | **सदस्य ।** |
| **छ) नगर स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव ।** | |

**२) उपदफा (१) बामोजिमको समितिको काम ,कर्तव्य र अधिकार देहाय बामोजिम हुनेछ ।**

**(क) एम्बुलेन्स सम्बन्धि नीतिगत सुधारकोलागि अध्ययनगरी कार्यपालिकालाई सुझाब पेश गर्ने ।**

**(ख) एम्बुलेन्स सेवा साचालनकोलागि कार्य गर्ने ।**

**(ग) एम्बुलेन्स जनशक्ति पदपूर्तिकोलागि नगर पदपूर्ति समिति मार्फत पदपूर्ति गर्ने ।**

**(घ) नगरपालिकाको सागठन तथा व्यवस्थापन ( इ७:) सर्भेक्षण नहुादासम्म नियमित एम्बुलेन्स साचालनकोलागि जनशक्ति तथा अन्य आबश्यक व्यवस्था मिलाउने ।**

**४) एम्बुलेन्स जनशक्तिको दरवन्दी: (१) एम्बुलेन्सबाट गुणस्तरीय सेवा साचालनकोलागि देहाय बामोजिम दरवन्दी रहनेछ ।**

**क) हलुका सवारी ,,विविध चालक १ जना ।**

**ख) स्वास्थ्यकर्मी सहायक चौथो १ जना ।**

**ग) परिचालक ,श्रेणी विहिन , १ जना ।**

**(२) हलुका सवारी चालकको योग्यता : देहायको योग्यता हुनु पर्ने छ ।**

**क) नेपाली नागरिक ।**

ख) रीतपूर्वक सवारी चालक प्रमाण पत्र लिएको।
ग) कम्तिमा ५ वर्षको अनुभव।
घ) २५ वर्ष उमेर पूरा भएको ४० वर्ष ननाघेको।
ङ) ५ कक्षा उत्तिण गरेको।
च) स्वास्थ्य शरीर भएको।

(३) स्वास्थ्यकर्मीको योग्यता : देहायको योग्यता हुनु पर्नेछ।
क) नेपाली नागरिक।
ख) १८ वर्ष उमेर पूरा भएको ४० वर्ष ननाघेको ।
ग) मान्यता प्राप्त शिक्षण सस्थाबाट अ.हे.व.। अ.न.मी कोर्ष उत्तिर्ण गरेको।
घ) नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता। नविकरण भएको।
ङ) स्वास्थ शरीर भएको।

४) परिचालक को योग्यता : देहायको योग्यता हुनु पर्नेछ।
क) नेपाली नागरिक।
ख) आधारभूत विद्यालयबाट ५ कक्षा उत्तिण गरेको।
ग) १८वर्ष उमेर पूरा भएको ३५ वर्ष ननाघेको।
घ) स्वास्थ्य शरीर भएको।

५) उपदफा (२),(३)र (४)बामोजिमको पदहरुको पदपूर्ति देहाय वामोजिम कुनैपनि एक आधारमा सेवा करार मा गरिनेछ।
कं) लिखित वा अन्तरवार्ता ।
ख) सोभ्कै वार्ता द्धारा।

६) उपदफा (२),(३)र (४)बामोजिमको पदहरुको सेवा र सुविधा दुबै पक्षको करार साभ्कौता अनुसार हुनेछ। तर साघ र प्रदेश सरकारद्धारा समान पद र तहलाई तोकिएको सुविधा भन्दा बढी हुनेगरी सम्भ्कौता गरिने छैन।

५) आय व्ययको अभिलेख : (१) एम्बुलेन्सबाट प्राप्त भाडाको आय नगरपालिकाको साचित कोषमा जम्मा गरिनेछ।
(२) एम्बुलेन्स जनशक्तिको पारिश्रमिक तथा मर्मत सम्भार ,इन्धन तथा अन्य खर्च नगर सभाले पारित गरेको विनियोजन ऐन बामोजिम हुनेछ।

६) यसमा उल्लेख नभएको विषयमा : एम्बुलेन्स सेवा साचालन निर्देशिका २०७३ र एम्बुलेन्स सेवा साचालन नियमावली वामोजिम हुनेछ।

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७५/०३/३२